# स्थानीय राजपत्र


कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड २ | सङ्ख्या १ | मिति: २०७५/०१/२३ |
| --- | --- | --- |


**भाग १**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन सङ्ख्या १

# कालिञ्चोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४

को दफा १०२ को उपदफा (१) बमोजिम कालिञ्चोक गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **"कालिञ्चोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन कालिञ्चोक गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले कालिञ्चोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले कालिञ्चोक गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका"भन्नाले कालिञ्चोक गाउँपालिका सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

**३. नियम बनाउने अधिकार** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कालिञ्चोक गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही कालिञ्चोक गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**प्रमाणीकरण मितिः २०७५।०१।२३**

**आज्ञाले,**
**बालकृष्ण हुमागाई**
**प्रमुख प्रशासकीय अधिकृत**